# लिखु गाउँपालिका यसम ओखलढुंगा,

प्रदेश नं. -१

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशीत

| | | |
|---|---|---|
| खण्डः१ | संख्याः- ०१ | मितिः -२०७५ /०२ /२९ |

## भाग-१

## लिखु गाउँपालिका

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको स्थानीय पुर्वाधार व्यवस्थापन ऐन, २०७५ लिखु गाउँपालिकाले सर्वासाधारणका जानकारीका लागि प्रकाशन गरिएको छ।

**प्रस्तावना**

गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम लिखु गाउँसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम गाउँपालिकाको “पूर्वाधार व्यवस्थापन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट पारित हुना साथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) “गाउँसभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनु पर्छ

(च) “पूर्वाधार” भन्नाले यस ऐनको अनुसुची : १ मा उल्लेख भए बमोजिमका विषयसंग सम्बन्धीत भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) “जलस्रोत” भन्नाले गाउँपालिका क्षेत्र भित्रको भु-सतह वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) “उपभोक्ता संख्या” भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समुह वा सामुदायिक संस्थालाई सम्झनु पर्दछ।

(ञ) “अमानत” भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धीी कार्य सम्झनु पर्छ ।

## परिच्छेद - २

## स्थानीय सडक तथा यातायत व्यवस्था

**३. स्थानीय सडकहरुको वर्गीकरण :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुबिधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण र वृहत्तर सडक सञ्चालन गुरुयोजना तयार गर्नेछ ।

(२) गाउँपालिका स्तरमा मुख्यतः निम्नानुसारका सडकहरु रहनेछन् ।

(क) पालिका सडक : गाउँपालिकाको मध्य र महत्वपुर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा वर्गीकरण गरिनेछ । यस्ता सडकको चौडाई न्युनतम छ मिटरको हुनुपर्नेछ ।

(ख) ग्रामिण सडक : गाउँपालिकाका वस्तीहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गीकरण गरिनेछ । यस्ता सडकको चौडाइ न्युनतम चार देखि पाँच मिटर सम्म हुनेछ ।

(ग) कृषि सडक : गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् । यस्ता सडकको चौडाइ न्युनतम चार देखि पाँच मिटर सम्म हुनेछ ।

(घ) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने एक भन्दा बढि गाउँ वस्ती जोड्ने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गीकरण गरिनेछ । यसको न्युनतम चौडाई दुई मिटरको हुनेछ ।

(ङ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुल बाटो वा वस्ती सडक सम्म जोड्ने बाटोलाई गोरेटो बाटो भनिन्छ । यसको न्युनतम चौडाई तिन फिटको हुनेछ ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ती तथा मोडहरुमा ठुला सवारीहरुको आवागमन समेतलाई मध्ये नजर गरी निर्धारित चौडाई ४० प्रतिशत भन्दा बढि हुनेगरी निर्माण गर्नुपर्दछ ।

**४. मापदण्ड निर्धारण गर्ने :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने :**

(१) यस ऐनको दफा (३) बमोजिमका सडक र पालिकाको अधिकार क्षेत्र भित्र कसैले सम्वन्धीत अधिकारीको स्वीकृति बिना कुनै प्रकारको संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काइने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नू वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन उपर खन्नू भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धीत सरोकारवालाबाट धौरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपुर्ति सम्बन्धीत जग्गा धनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने :**

(१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनमा कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधि भित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## परिच्छेद - ३

## जलस्रोतहरुको संरक्षण र उपयोग

**७. जलस्रोतको उपयोग :**

(१) गाउँपालिका भित्र रहेका भुमिगत वा सतही जलस्रोतको अनाधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलस्रोतको प्रयोग गर्दा देहाय बमोजिमका क्रममा उपयोगका लागि प्राथमिकता दिइने छ :-

(क) पिउने पानी,

(ख) सिंचाई,

(ग) पानी घट्ट, औद्योगिक वा निर्माण प्रयोजन,

(घ) जलविद्युत,

(ङ) जल पर्यटन (जलक्रिडा लगायत),

(३) गाउँपालिका क्षेत्र भित्र रहेका पानीको मुहान वा स्रोतको समुचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ

**८. अनुमति लिनुपर्ने :**

(१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनका लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्न पाईने छैन :-

(क) सार्वजनिक वा समुहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनका लागि उपयोग गर्न;

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायीक वा व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्नात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायीक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्न,

(च) तोकिए बमोजिमको अन्य कार्य गर्न ।

(२) जलस्रोतको सामुहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरे बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) उपयोग प्रयोजनका लागि आवश्यक परेमा सामुहिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सर्म्पुण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जे सुकै लेखिएको भए तापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकताका आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

**९. खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायीक लाभ व्यवस्थापन :**

(१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिंचाई, पानीघट्ट, लघु जल विद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्नु परेमा सम्बन्धीत क्षेत्रका उपभोक्ताहरु मिली जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) यस ऐन तर्जुमा हुनु अघि नै संस्थागत रुपमा कुनै समुह वा संस्थाले उपयोग गरी आएको जलस्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र यसै ऐन बमोजिम गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

**१०. जल उपभोक्ता संस्थाको गठन :**

(१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा नौ देखि पन्ध्र जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समुहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ ।

(क) उपभोक्ता संस्थाको विधा,

(ख) मुहान दर्ता भइसकेको भए, दर्ताको प्रमाण र नभएको भए स्रोतको विवरण,

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या,

(घ) परियोजना विकासको लागि आवश्यक बजेट र प्राप्त हुने स्रोत,

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव ।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँच बुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्ने छ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उतराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि तिन वर्षको हुनेछ । अर्को पटकको लागि तिन वर्षे म्याद सकिनु पन्ध्र दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गनु पर्नेछ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया विधि विधानमा तोकिए बमोजिम हुनेछ । संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नु पर्ने कर फर्स्योट गर्नु पर्नेछ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानूनले तोके बमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

**११. जलस्रोतको व्यवसायीक उपयोगका लागि अनुमति लिनुपर्ने :**

(१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावट सम्मको जल विद्युत आयोजना जलस्रोतको व्यवसायीक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राईटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एक मेगावट सम्मको जल विद्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने संस्थाको नक्सा (मुख्य मुख्य संरचना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अबधि र लागत,

(च) परियोजना सञ्चालनबाट पर्ने वातावरणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन) ।

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँच बुझ गरी गराई दरखास्त परेको मितिले ३० दिन भित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधी र वातारणीय जोखिम न्युनिकणका सर्तहरु तोकि आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोप्राईटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमति प्राप्त व्यक्ति ले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानून बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमति पत्र प्राप्त व्यक्ति ले आफ्नो अनुमति पत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद - ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी वोर्ड गठन गर्न सक्ने :**

(१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी वोर्डको स्थापना गर्न सकिनेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्था र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रभाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी वोर्ड बनाई सेवा प्रभाह गर्न सकिनेछ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो वोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नु पर्नेछ । यसरी बोर्ड गठनका लागि देहायका विवरणहरु सहितको आवेदन पेश गर्नुपर्नेछ :

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र;

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्र भित्र रहेको खानेपानी परिमाण;

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण;

(घ) सेवा सञ्चालनको लागि लाग्ने अनुमानित लागत;

(ङ) सेवा संचालन, व्यवस्थापन, सो को मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दिर्घकालीन योजना;

(च) वोर्ड आफैले वा अन्य व्यक्ति वा संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धीको व्यहोरा;

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई वोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणाली सँग आवद्ध सम्पति तथा दायित्व;

(ज) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडल;

(५) वोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । वोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापत लगायतका कार्य आफै गर्न सक्नेछ ।

**१३. खानेपानी तथा सिंचाईको शुल्क निर्धारण :**

(१) गाउँपालिकाले खानेपानीको महसुल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसुल निर्धारण समिति गठन गर्नेछ :

| | |
|---|---|
| (क) गाउँपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि | सदस्य |
| (ग) गाउँपालिकाको बरिष्ठ लेखा अधिकृत | सदस्य सचिव |

## परिच्छेद - ५

## भवन निर्माण तथा सहरी विकास सम्बन्धी कार्यहरु

**१४. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने :**

(१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनावद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान थप घट गरी बनाउने वा सोसंग सम्बन्धीत गर्नु गराउन हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकालद्दटे भवन निर्माण सम्बन्धी निर्देशिका र आचार संहिता तयार गर्नेछ

**१५. भवनको दर्ता :** गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

**१६. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्र भित्र पक्कि भवन निर्माण गर्न चाहाने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिमको स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिदाँ नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) भवन निर्माण गर्दा आवसीय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्धसरकारी तथा व्यापारीक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट १.५ मिटर सेटब्याक छोड्नु पर्दछ ।

**१७. वस्ती विकासको लागि अनुमति दिने :** गाउँपालिका भित्र कुनै व्यक्ति, समुदायले जग्गालाई घडेरी प्रयोजनका लागि विकास गर्ने वा यसरी विकास गरी बिक्री गर्ने प्रयोजनबाट वस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा वस्ती विकासको विस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

## परिच्छेद - ६

## पूर्वाधार योजना, निर्माण सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. पूर्वाधार आयोजना तर्जुमा :**

(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरी गाउँसभाबाट पारित गर्नुपर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमाका क्रममा देहाय बमोजिमका कुराहरु उल्लेख गरी आयोजनाको विवरण तयार गर्नुपर्नेछ :

(क) आयोजनाको लक्ष्य;

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र स्रोत,

(घ) उपभोक्ताहरुबाट प्राप्त हुने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप,

**१९. लागत अनुमान तयार गर्नुपर्ने :**

(१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पूर्व प्राबिधिक अध्ययन सर्वेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

**२०. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन :**

(१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नुपर्ने अनुसुचीः १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अबलम्बन गरिनेछ :

(क) रु.एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट,

(ख) रु.एक करोड सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत,

(घ) रु दुई करोड भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमका निर्माण व्यवसायी मार्फत,

(ङ) निजि लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापनका कार्य साझेदारी मार्फत,

**२१. उपभोक्ता समिति मार्फत गर्न सकिने :**

(१) रु. एक करोड सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउदा सम्बन्धीत लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिनेछ ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्यबाट ५ देखि ९ जना सम्मको समिति गठन गरिनेछ । यस्तो समितिमा न्युनतम ३३ प्रतिशत महिला हुनुपर्नेछ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुनेछ । निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरकै बाकी समय रेखदेख र संरक्षण जिम्मेवारी समेत सोहि समितिले लिनेछ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्युनतम १५ प्रतिशत नगद लागत सहभागीता जनाउनु पर्नेछ । श्रमदान कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपभोक्ता सहभागीताको रकम सम्बन्धीत उपभोक्ताहरु बाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्नेछ ।

**२२. स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने :** (१) गाउँपालिकाले रु. एक करोड देखि दुई करोड सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका समुह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन इच्छुक समुह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा आवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समुह वा व्यक्तिलाई सम्बन्धीत गाउँपालिकामा निर्माण कार्य गर्ने इजाजत सहिको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसायी दर्ताको अभिलेख अद्यावधिक गराई राख्नुपर्नेछ । उपदफा (२) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिना भित्र गत बर्षको नविकरण गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्नेछ :-

(क) न्युनतम रु. ७ लाख सम्मको चालु पुजीँ देखाई गाउँपालिकामा व्यवसायी दर्ता भएको;

(ख) व्यक्ति वा व्यवसायीको नाममा गत आर्थिक वर्षमा न्युनतम रु.१५ लाख सम्म बैँकीङ कारोवार गरेको आफ्नो वा एका घरको स्वामित्वमा रु. २० लाख सम्मको निर्माण उपकरण चालु हालतमा रहेको ।

**२३. स्थानीय निर्माण व्यवसायीबाट पूर्वाधार निर्माण गराईने :**

(१) गाउँपालिकाले दफा २० (१) ग बमोजिमका स्थानीय व्यवसायीहरु मार्फत रु. दुई करोड सम्मको काम गराउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि आपसी प्रतिस्पर्धाका आधारमा छनौट गर्न सक्नेछ ।

(३) गाउँपालिकामा दर्ता भएका व्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहाय बमोजिमको कार्यबिधि अपनाईनेछ

(क) रित पुर्वक गाउँपालिकाको संक्षिप्त सुचीमा स्वीकृत व्यवसायीहरु मध्येबाट १५ दिनको म्याद सहित सुचना दिई प्रस्ताव माग गर्न सकिनेछ ।

(ख) प्रस्ताव माग गर्दा सम्बन्धीत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउन पर्ने ।

(ग) न्युनतम कबुल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिन भित्र सम्झौताका लागि आव्हान गर्ने ।

(घ) छानिएका व्यवसायीले कबुल रकमको १५ प्रतिशत बैंक ग्यारेण्टी सहित सम्झौताका लागि आउनुपर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफुले सम्पन्न गर्नुपर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसंग उपकरार गर्न सकिने छैन । कुनै कारण बस आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना गाउँपालिकालाई सम्झौता भए गरेको मितिले दुई महिना भित्र दिनु पर्नेछ । यसरी सुचना प्राप्त भएमा गाउँपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता रद्द गरी बाकी काम नियमानुसार गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण, त्यस्तो कार्य सम्पन्न गरेको विवरणको जानकारी पैतसि दिन भित्र गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्दछ ।

**२४. पूर्वाधार मर्मत सम्भार कोष :**

(१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत सम्भार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी इत्यादीबाट प्राप्त रोएल्टी रकमको २० प्रतिशत रकम दाखिला गरिनेछ ।

## परिच्छेद - ७

## पूर्वाधार अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था

**२५. पूर्वाधार अनुगमन समितिको गठन :**

(१) गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निमार्ण हुने ठुला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्बन्धीत क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु समेतबाट एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख) पूर्वाधारको मुख्य काम हुने वडाको वडाध्यक्ष -सदस्य

(ग) पूर्वाधार निर्माण सम्बन्धी ज्ञान भएका विज्ञहरु तथा सम्बन्धीत वडाका अध्यक्ष मध्य एक महिला सहित दुई जना - सदस्य (एक भन्दा बढी वडामा कार्याक्रम सञ्चालन भएमा)

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख - सदस्य सचिव

(३) गाउँपालिकाले तोकेका अन्य योजनाहरु

**२६. समितिको बैठकको निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**२७. अनुगमन पश्चात निर्देशन दिन सक्ने :**

(१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्था बारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

**२८. सहमति दिनुपर्ने :** गाउँपालिका आफैले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति लिनुपर्नेछ ।

**२९. कारवाहीको सिफारिस गर्न सक्ने :** गाउँपालिका क्षेत्र भित्र निर्माण कार्य भई रहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आायोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापारवाहीका कारण निर्धारित समय भित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धीत निर्माण व्यवसायीलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

**३०. कालो सुचीमा राख्ने :**

(१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भबिष्यमा निर्माण कार्य नदिने गरी कालो सुचीमा राख्न सक्नेछ ।

(क) कुनै फौजदारी कुसुरमा अदालत बाट दोषी ठहर भएमा,

(ख( पूर्वाधार निर्माणका लागि छनौट भइ सम्झौता गरेर ३ महिना सम्म काम सुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पार्ने कार्य गरेमा,

(च) अन्य यस्तै कुनै कसुर गरेमा ।

(२) उपरोक्त बमोजिम कालो सुचीमा राख्दा कसुरको गाम्भिर्यताको आधारमा कालो सुचीको अवधि तोक्न सकिनेछ ।

**३१. प्राविधिक मुल्याङ्कन गर्नुपर्ने :**

(१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मुल्याङ्कन पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद - ८

## सार्वजनिक, निजी, साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**३२. निजी साझेदारीमा पूर्बाधारको विकास गर्न सक्ने :**

(१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसंग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई संग सम्बन्धीत संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासंग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगीताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अबलम्बन गरी निजी साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ ।

(क) सञ्चालन तथा व्यवस्थापनः अधिक्तम ५ वर्षका लागि,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरणः ७ देखि १५ वर्षका लागि,

(ग) निर्माण, समित्वकरण, सञ्चालन तथा हस्तान्तरणः १५ देखि २० वर्षका लागि,

(घ) लिजः सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २२ वर्ष ।

**३३. प्रस्ताव आव्हान गर्न सक्ने :**

(१) गाउँपालिकाले दफा २० (१) ग बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहाने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारी स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ :

(क) निर्माण गर्नुपर्नेमा सञ्चालन गर्नुपर्ने पूर्वाधारको विवरण,

(ख) अनुमानित लागत,

(ग) वित्तिय स्रोत,

(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा),

(ङ) कार्यन्वयनका विवरण,

(च) परियोजना कार्यन्वयन गर्दा सम्भावित जोखिम न्युन गर्ने प्रस्तावित उपायहरु,

(छ) परियोजनाको नक्सा तथा ड्रोइङ, डिजाईन,

(ज) प्रस्तावित शुल्क र करार अवधि,

**३४. प्रस्ताव छनौट र सम्झौता :**

(१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोली द्वारा तपसीलका आधारहरुमा मुल्याङ्कन गराई प्रस्ताव छनोट गर्न सक्नेछ ।

(क) पूर्वाधारबाट उपलब्ध हुने सुबिधाको स्तर र गुणस्तर,

(ख) प्रस्तावित निजी लगानी,

(ग) सेवा शुल्क र रोयल्टी रकम,

(घ) लिज अवधि,

(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्धी,

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधि किटानी गरी साझेदारी सम्झौता गर्न सक्नेछ ।

**३५. सञ्चालन तथा व्यवसथापन :**

(१) सम्झौता अवधि भरि पूर्वाधार सम्झौताको सञ्चालन तथा व्यवसथापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झौता हेरफेर गर्नु परेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एका अर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी सम्झदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्ने छ ।

## परिच्छेद - ९

## वातावरण, भु-संरक्षण तथा वैकल्पिक उर्जा

**३६. वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले १ करोड देखि १० करोड सम्म लागत रहेका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मुल्याङ्कन गराउनु पर्नेछ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्वीकृति गाउँपालिका स्वयमले गर्न सक्नेछ ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृतिको लागि सो को प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सुचना पाटीमा टास गरी सात दिनको म्याद सहित सुझाव माग गर्नु पर्नेछ ।

**३७. वैकल्पिक उर्जालाई प्रोत्साहन :** पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नु पर्नेछ ।

(१) कुनै घरमा सोलार, वायो ग्यास, सुधारिएको चुल्हो लगायतका वैकल्पिक उर्जा जडान गर्नु अघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(२) घरेलु शौचालयलाई वायो ग्यास उत्पादनमा प्रयोग गर्ने वा सेप्टी टैंक बनाउने घर धुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशत सम्म छुट दिन सक्नेछ ।

**३८. भु-क्षय नियन्त्रण सम्बन्धी कार्य गर्न सक्ने :**

(१) गाउँपालिका भित्रको भु-क्षय ग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा बाँस तथा फलफुल जन्य वस्नपतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्बन्धीत क्षेत्रका व्यक्ति वा समुहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सकिनेछ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने खालको हुनुहुदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखिएमा गाउँपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपन गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ ।

(५) उपरोक्त बमोजिम अनुमति दिँदा सडक छेउको हकमा सम्बन्धीत संधीयारहरुलाई प्राथमिकता दिनुपर्नेछ

**३९.फोहोरमैला तथा फोहोर पानी व्यवस्थापन :**

(१) गाउँपालिका भित्र बिसर्जन हुने ठोस तथा तरल फोहोरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल साईट निर्माण गर्न अन्य गाउँपालिकासंग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद - १०

## विविध

**४०. अन्तर स्थानीय समन्वय :** एक भन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँपालिका बाट अनुमोदन गराई गर्नु पर्नेछ ।

**४१. पुनरावेदन :**

यस ऐन बमोजिम भएका दण्ड, जरिवाना र सजाय उपर चित नबुजेमा पुनरावेदन गर्न सकिनेछ ।

**४२. नियम वनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम वनाउन सक्नेछ ।

**४३. वाधा अड्काउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउँपालिकाले ६ महिना भित्र गाउँ सभाबाट अनुमोदन नगरेमा स्वत निस्क्रीय हुनेछ ।

**४४. वचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत वनेका नियममा लेखिए जति कुरामा सोहि वमोजिम र नलेखिएका कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

(२) संविधानसँग वाझिएका यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वत : निस्क्रीय हुनेछन् ।

(३) यस अघि भए गरेका काम कार्वाहि यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

नामः समिर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७५/०२/२९

आज्ञाले,

नामः समिर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७५/०२/२९

आज्ञाले,

नामः समिर भट्टराई

प्रमुख प्रशासकीय अधि

मितिः२०७५/०२/२९